आर्थिक बर्ष : २०८१/८२
बैठक संख्या :१२

आज मिति २०८१/१२/०८ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री डन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री गणेश गुरुङ कार्यालय सहयोगी

CamScanner

(मिति २०८१/१२/०८)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १
कृषि औजार खरिद तथा व्यवस्थापन सम्बन्धमा।
निर्णय नं. १

बिरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रममा समावेश कृषि औजार खरिद कार्यक्रमबाट विभिन्न कृषि औजार (मिनि टिलर र कम्बाईन मिल) खरिदका लागि कार्यालयबाट टेन्डर आव्हान भएकोमा प्रस्तावदाताले कम मूल्यमा सामाग्री उपलब्ध गराउने गरी प्रस्ताव पेश गरेकोले सो शिर्षकमा बचत हुन आउने रकमबाट प्रस्तावदाताले पेश गरेकै मूल्यमा थप मिनिटिलर खरिद गरी तपसिल बमोजिम वितरण गर्ने निर्णय गरियो ।

तपसिल :

- कम्बाईन मिल — प्रत्येक वडामा १/१ वटा
- मिनिटिलर — प्रत्येक वडामा न्युनतम ३/३ वटा

प्रस्ताव नं. २
विपद व्यवस्थापन कोषमा रकम व्यवस्थापन सम्बन्धमा।
निर्णय नं. २

जिल्ला विपद व्यवस्थापन समिति, स्याङ्जाको मिति २०८१/१०/२४ को निर्णय बमोजिम विपदको समयमा उद्धार तथा खोज कार्यलाई प्रभावकारी बनाउन आवश्यक उद्धार सामाग्री खरिद प्रयोजनका लागि बिरुवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट पुतलीबजार नगरपालिका स्याङ्जाको खातामा रु ४ लाख जम्मा गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३
भूमि समस्या समाधानका लागि गाउँपालिकास्तरीय सहजीकरण समितिको सदस्य चयन सम्बन्धमा।
निर्णय नं. ३

भूमि समस्या समाधानका लागि नेपाल सरकार भूमि समस्या समाधान आयोगबाट जारी भएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४.१(घ) बमोजिम तपसिल कार्यपालिका सदस्यहरुलाई स्थानीय तह स्तरीय भूमि समस्या सहजीकरण समितिको सदस्यको रुपमा चयन गर्ने निर्णय गरियो।

CamScanner

तपसिल :
श्री पालसिङ विश्वकर्मा
श्री कुसुम देवी शर्मा श्रेष्ठ

**प्रस्ताव नं. ४**

विविध

**निर्णय नं. ४**

क. सुरक्षित आवास गृह (सेफ हाउस) स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ को व्यवस्था तथा जिल्ला निर्देशक समितिको मिति २०८१/०६/२२ को निर्णयबमोजिम सुरक्षित आवास गृह स्थापना, संचालन तथा व्यवस्थापनका लागि अन्य संघसंस्था सहायता कार्यक्रम खर्च शिर्षकबाट पुतलीबजार नगरपालिका स्याङ्जाको विविध खातामा रु १ लाख जम्मा गर्ने निर्णय गरियो।

ख. गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क नविकरण वापत बिरुवा गाउँपालिकाको तर्फबाट आ.व. २०८०/८१ र २०८१/८२ को एकमुष्ट रु ६०,०००/- रकम गाउँपालिका राष्ट्रिय महासंघलाई बिमा तथा नवीकरण खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ग. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

तपसिल :

| क.स. | योजनाको नाम/विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | फिरफिरे खेत कुलो मर्मत (बिरुवा ५) | २५,०००।- | |
| २ | कोखे बाहुँ मौरीपालन समूह (५० % अनुदानमा खाली मौरीको घार उपलब्ध गराउन) | ४०,०००/- | |

घ. बिरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल व्यक्ति/संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहायअनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | मदन भण्डारी स्पोर्टस एकेडेमी (राष्ट्रिय क्रिकेट प्रतियोगिता संचालन)) | कार्यक्रम खर्च | ४०,०००।- | |
| २. | सन माया गुरुङ (अपाङ्गमैत्री शौचालय निर्माण) | अन्य सामाजिक सहायता | २५,०००।- | |

CamScanner

ङ. बिरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को परिच्छेद ३ दफा १६(४) बमोजिम मनोनित गाउँ शिक्षा समितिका सदस्यहरुको २ बर्षे पदावधी समाप्त भएकोले उक्त मनोनित सदस्यहरुलाई यसअघि पदावधी समाप्त भएकै मितिबाट कायम हुने गरी थप २ बर्षको लागि पुन मनोनित गर्ने निर्णय सर्वसम्मतीले गरियो।